गाउँ कार्यपालिकाको
मिति:- २०८३/०३/०२
(बैठक संख्या:- १४-२०८२/०८३)
स्थान:- गाउँपालिकाको सभाहल

आज मिति २०८३ असार ०२ गते तदनुसार नेपाल संवत ११४६, तछ्लाथ्व, द्वितीया, सोमबारका दिन विहान ०८:०० बजे बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको चौधौं (१४) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री ऐन बहादुर गिरी | सदस्य, गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य, गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य, गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य, गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य, गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य, गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य, गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य, गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य, गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य, गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य, गाउँ कार्यपालिका |
| श्री मोहन प्रकाश गिरी | प्र.प्र.अ. (सदस्य सचिव) |

**आमन्त्रितहरु:** श्री राम बहादुर मल्ल (वरिष्ठ शिक्षा अधिकृत)
श्री खिम बहादुर रोकाया — कम्प्युटर अधिकृत (छैटौं)
श्री सृजन नेपाली - वरिष्ठ लेखा अधिकृत
श्री डमराज गिरी - स्रोत व्यक्ति
श्री गिरिराज पुन - कम्प्युटर अपरेटर (शिक्षा शाखा)
श्री रति शाही - कार्यालय सहयोगी (शिक्षा)

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँ कार्यपालिका
मिति:- २०८३/०३/०२

**<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १४-२०८२/०८३)</u>**

**<u>प्रस्तावहरु:</u>**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. २३ औं (बजेट सभा) आव्हान सम्बन्धमा।
३. सेवा करारमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक हेरफेर सम्बन्धमा।
४. औधोगिक व्यवसाय नियमावली, २०८३ स्वीकृत सम्बन्धमा।
५. विद्यालय दिवाखाजा सम्ब्नधी जानकारी तथा विद्यालय छनोट सम्वन्धमा।
६. उत्कृष्ट शिक्षक तथा कर्मचारी छनोट सम्बन्धम।
७. दिगो पर्यटन योजनाको मस्यौदा प्रतिवेदन सम्बन्धमा।
८. रोजगार संयोजकको स्थानीय भत्ता सम्बन्धमा।
९. विपद् शिर्षकबाट विद्यालय छाना मर्मत सम्बन्धमा।
१०. खेलाडीहरुको लागि आर्थिक सहायुता सम्बन्धमा।

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

मोहन प्रकाश सिंह
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका

मिति:- २०८३/०३/०२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १४-२०८२/०८३)

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको यस अघि सम्पन्न कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ र दफा ७१ र अन्तरसरकार वित्त व्यवस्थापन ऐन २०७४ दफा २१ (३) बमोजिम आर्थिक वर्ष २०८२/०८३ को प्रगति समिक्षा तथा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न तपसिलको मिति समय र स्थानमा बारेकोट गाउँपालिका गाउँसभाको २३ औं अधिवेशन (बजेट सभा) आव्हान गर्ने।

तपसिल:

मिति: २०८३।०३।१० गते

समय: विहान ११:३० बजे

स्थान: गाउँपालिकाको सभाहल।

**निर्णय नं. ५**

विश्व खाद्य कार्यक्रम (WFP) अन्तर्गत दिवाखाजा कार्यक्रम सम्बन्धी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्राविधिक सहयोग कार्यक्रम निरन्तरताका लागि गाउँ कार्यपालिका सदस्यहरुलाई कार्यक्रमको बारेमा जानकारी भयो, साथै विद्यालयमा दिवा खाजा भान्सा घर निर्माणका लागि तपसिलका विद्यालयहरुलाई छनोट गर्ने र निर्माणका लागि गाउँपालिकाबाट रु. ४०००००।- (अक्षेरपि चार लाख रुपैयाँ) लागत साझेदारी गर्ने।

तपसिल:

१. हिमज्योती प्राथमिक विद्यालय, ध्यारगाउँ वडा नं.-२
२. बाल प्राथमिक विद्यालय, लुहाग वडा नं. -७

गाउँ कार्यपालिकाको निर्णय प्रमाणित

मोहन प्रकाश गिरि
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मितिः- २०८३/०३/०२

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्याः- १४-२०८२/०८३)

**निर्णय नं. ६**

बारेकोट गाउँपालिका अन्तर्गत विभिन्न शाखा, उपशाखा, विद्यालय, स्वास्थ्य संस्था लगायत कार्यालयहरुमा कार्यरत रहि आर्थिक वर्ष २०८२/०८३ मा उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा कर्मचारीलाई निष्पक्ष तथा पारदर्शी रूपमा छनोट गरी सम्मान तथा प्रोत्साहन गर्ने उद्देश्यले देहायबमोजिम ३ (तीन) सदस्यीय छनोट समिति गठन गर्ने।

**गठित समितिः**

| | | |
|---|---|---|
| १. संयोजक | : मोहन प्रकाश गिरी | (प्रमुख प्रशासकीय अधिकृत) |
| २. सदस्य | : खिम बहादुर रोकाया | (कम्प्युटर अधिकृत) |
| ३. सदस्य सचिव | : राम बहादुर मल्ल | (वरिष्ठ शिक्षा अधिकृत सातौं) |

**निर्णय नं. ७**

बारेकोट गाउँपालिकाको दिगो पर्यटन योजना तयारीका लागि परामर्श दाता इन्सेल्फ वेष्टर्न नेपाल प्रा.लि. द्वारा मिति २०८३।०२।२८ गते पेश गरिएको मस्यौदा प्रतिवेदन उपर अध्ययन गरी राय सुझाव प्रदान गर्न प्रतिवेदन जाँच तथा सिफारिस गर्न गठित समितिलाई जिम्मेवारी दिने।

**निर्णय नं. ८**

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत साविक रोजगार सेवा केन्द्र हाल रोजगार सीप तथा उद्यमशिलता केन्द्रमा कार्यरत रोजगार संयोजकको तलव तथा स्थानीय भत्ता गत आर्थिक वर्ष सम्म श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाटै उपलब्ध हुदै आएकोमा चालु आर्थिक वर्ष २०८२/०८३ देखि स्थानीय भत्ता उपलब्ध नहुने भएकोले रोजगार संयोजकको पदपूर्ति र सेवा सम्बन्धी मापदण्ड २०७६ को परिच्छेद ६ दफा १८ उपदफा ३ बमोजिम गाउँपालिकाको श्रोतबाट स्थानीय भत्ता उपलब्ध गराउने।

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८३/०३/०२

<u>बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:- १४-२०८२/०८३)</u>

**निर्णय नं. ९**

मिति २०८३।०२।१७ गते दिउँसो आएको हावाहुरीका कारण बारेकोट गाउँपालिका अन्तर्गत वडा नं. ३ स्याला मुलसाम र पछ्यौरीमा विद्यालयको छाना उडाएकोले विद्यालय स्ञ्चालनमा असहजता भई तत्काल छाना मर्मत गर्नुपर्ने भएकोले आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विपद् व्यवस्थापन शिर्षक (३११५९) बाट तपसिलका विद्यालयहरुको छाना मर्मतको लागि प्राविधिक लागत अनुमान अनुसार रकम उपलब्ध गराउने।

तपसिल:

| क्र.सं. | विद्यालयको नाम | योजना | रुकम (रु.) |
|---|---|---|---|
| १. | श्री जनप्रिय प्राथमिक विद्यालय, वडा नं. ३, स्याला | विद्यालय छाना मर्मत | १००००० |
| २. | श्री रानाकोट सामुदायिक बालबिकास केन्द्र, वडा नं. ३ | विद्यालय छाना मर्मत | ७०००० |

गाउँ कार्यपालिकाको निर्णय
प्रमाणित

मोहन प्रकाश गिरी
प्रमुख प्रशासकीय अधिकृत